# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं जेठ २५ गते, २०६२ साल (अतिरिक्ताङ्क १८ (घ)

## भाग ३

### श्री ५ को सरकार

## शिक्षा तथा खेलकूद मन्त्रालयको सूचना

शिक्षा (तेस्रो संशोधन) नियमावली, २०६२

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "शिक्षा (तेस्रो संशोधन) नियमावली, २०६२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०५९ को नियम २ मा संशोधनः शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको ) को नियम २ को खण्ड (छ) पछि देहायका खण्ड (छ१), (छ२) र (छ३) थपिएका छन् :-

"(छ१) "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले नियम २२क. बमोजिम स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(छ२) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा सञ्चालित विद्यालयमा श्री ५ को सरकारबाट स्वीकृत दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको स्थायी शिक्षक सम्झनु पर्छ ।

(छ३) "शिक्षक छनौट समिति" भन्नाले नियम २२च. बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन: मूल नियमावलीको नियम ३ को उपनियम (१) मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "तीन महिना" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१०. धरौटी राख्नु पर्ने : (१) विद्यालय खोल्ने अनुमति लिंदा विद्यालयको सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ :-

| | संस्थागत विद्यालय भए | सामुदायिक विद्यालय भए |
|---|---|---|
| (क) माध्यमिक विद्यालयको लागि | दुई लाख रुपैयाँ | एक लाख रुपैयाँ |
| (ख) निम्न माध्यमिक विद्यालयको लागि | एक लाख पचास हजार रुपैयाँ | पचहत्तर हजार रुपैयाँ |
| (ग) प्राथमिक विद्यालयको लागि | पचास हजार रुपैयाँ | |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवा नियमावली, २०५० को नियम ८०क. को प्रयोजनको लागि 'क वर्ग' मा पर्ने भौगोलिक क्षेत्रमा विद्यालय खोल्दा सो उपनियममा उल्लिखित रकमको आधा रकम धरौटी लाग्नेछ ।"

५. मूल नियमावलीमा नियम १२क. थप: मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :-

"१२क. विद्यालय गाभ्न लिइने आधार: ऐनको दफा १५ बमोजिम दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालयमा कायम गर्दा देहायको आधारमा गर्न सकिनेछ :-

(क) अनुसूची-३ बमोजिमको पूर्वाधार कायम नरहेको,

(ख) अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएको,

(ग) दुई वा दुई भन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रुपमा सञ्चालन गर्न संयुक्त निवेदन दिएको ।"

६. मूल नियमावलीको नियम १५ मा संशोधन: मूल नियमावलीको नियम १५ को खण्ड (ट) मा रहेका "अनौपचारिक शिक्षाको लागि" भन्ने शब्दहरुको सट्टा "अनौपचारिक र विशेष शिक्षाको लागि" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को,-

(१) खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२) र (ग३) थपिएका छन्:-

"(ग१) अनौपचारिक शिक्षा, विशेष शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गरी प्रत्येक वर्ष निर्देशनालय, विभाग र मन्त्रालयमा पठाउने,

(ग२) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक शिक्षकलाई समुदायद्वारा सञ्चालित अर्को विद्यालयमा मिलान गर्ने,

(ग३) समुदायद्वारा सञ्चालित विद्यालय स्वीकृत कार्य योजना अनुसार सञ्चालन भए नभएको सम्बन्धमा नियमित रुपले निरीक्षण र सुपरिवेक्षण गरी निर्देशनालय र विभाग समक्ष प्रतिवेदन पठाउने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छ:-

"(ट) आयोगबाट बढुवा सम्बन्धी कारबाही गरिने शिक्षकको मूल्यांकन गरी त्यसको विवरण आयोगमा पठाउने,"

८. मूल नियमावलीको नियम १७ मा संशोधन: मूल नियमावलीको नियम १७ को खण्ड (त) पछि देहायको खण्ड (त१) थपिएको छ:-

"(त१) आफ्नो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रुपमा निरीक्षण तथा अनुगमन गरी जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पेश गर्ने,"

९. मूल नियमावलीमा परिच्छेद-५क. थप: मूल नियमावलीको परिच्छेद-५ पछि देहायको परिच्छेद-५क. थपिएको छ :-

"परिच्छेद-५क.

समुदायद्वारा सञ्चालित विद्यालय व्यवस्थापन सम्बन्धी व्यवस्था

२२क. सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन निवेदन दिनु पर्ने: (१) कुनै सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन चाहने स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले देहायका कागजात संलग्न गरी अनुसूची-११क. बमोजिमको ढाँचामा गाउँ विकास समिति, नगरपालिका, व्यवस्थापन समिति वा संस्थाले भए जिल्ला शिक्षा कार्यालयमा र जिल्ला विकास समितिले भए निर्देशनालयमा निवेदन दिनु पर्नेछ :-

(क) सामुदायिक विद्यालय व्यवस्थापन सम्बन्धी दुई वर्षे कार्य योजना,

(ख) व्यवस्थापन समितिको हकमा विद्यालय व्यवस्थापन जिम्मा लिने विषयमा व्यवस्थापन समितिले गरेको निर्णय,

(ग) स्थानीय निकाय वा संस्थाको हकमा सम्बन्धित स्थानीय निकाय वा संस्थाको निर्णय सहित सम्बन्धित व्यवस्थापन समितिको सहमति ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा जिल्ला शिक्षा अधिकारी वा निर्देशकले निवेदकको माग बमोजिम विद्यालयको व्यवस्थापन जिम्मा दिन हुने नहुने सम्बन्धमा आवश्यकतानुसार आफैं वा आफू मातहतको कुनै अधिकृतद्वारा विद्यालयहरुको स्थलगत निरीक्षण गर्न गराउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम जिल्ला शिक्षा कार्यालयमा प्राप्त भएको निवेदन सहितको कागजात तथा उपनियम (२) बमोजिम गरिएको स्थलगत निरीक्षण प्रतिवेदन जाँचबुझ गर्दा सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन मनासिब देखेमा प्राथमिक विद्यालयको हकमा जिल्ला शिक्षा अधिकारी आफैले त्यस्तो सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ र निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको हकमा आफ्नो राय सहित प्राप्त निवेदन सहितको कागजात निर्देशक समक्ष पठाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (३) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन मनासिब देखेमा निर्देशकले त्यस्तो सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिन सक्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिंदा जिल्ला शिक्षा अधिकारी वा निर्देशकले व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थासँग सम्झौता गर्नु पर्नेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थालाई विद्यालयको व्यवस्थापन जिम्मा दिने सम्बन्धमा मन्त्रालयलले अन्य आधार तोक्न सक्नेछ ।

(७) उपनियम (३) वा (४) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिएको जानकारी अभिलेखको लागि जिल्ला शिक्षा अधिकारी वा निर्देशकले विभाग र शिक्षक किताबखानालाई दिनु पर्नेछ ।

२२ख. समुदायद्वारा सञ्चालित विद्यालयले पाउने रकम: नियम १६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्वारा सञ्चालित विद्यालयले श्री ५ को सरकारबाट देहाय बमोजिमको रकम पाउनेछ :-

(क) श्री ५ को सरकारबाट स्वीकृत भएको शिक्षक दरबन्दी अनुसार त्यस्ता शिक्षकलाई दिइने तलब, भत्ता र वार्षिक तलब बृद्धि वापतको एकमुष्ट अनुदान रकम,

तर त्यसरी रकम अनुदान दिंदा विद्यार्थी संख्या कम भई शिक्षकको दरबन्दी घट्न गएमा सोही बमोजिम अनुदान दिइनेछ ।

(ख) श्री ५ को सरकारबाट स्वीकृत भएको दरबन्दीमा स्थायी रुपमा नियुक्त भएको शिक्षकको लागि विद्यालयका तर्फबाट सञ्चय कोषमा रकम थप गर्ने प्रयोजनको लागि दश प्रतिशत रकम,

(ग) नियम २२क. बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा दिंदा प्रोत्साहन स्वरुप एक पटकको लागि एकलाख रुपैयाँ ।

२२ग. समुदायद्वारा सञ्चालित विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार: ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समुदायद्वारा सञ्चालित विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रधानाध्यापक तथा सामुदायिक शिक्षक नियुक्ति गर्ने,

(ख) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी अन्य शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने,

(ग) खण्ड (ख) बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीले पाउने तलब, भत्ता र अन्य सुविधा निर्धारण गर्ने,

(घ) विद्यालयको हितको लागि सरकारी तथा गैर सरकारी संघ संस्था वा व्यक्तिसँग सम्झौता गर्ने,

तर विदेशी संघ संस्था वा व्यक्तिसँग सम्झौता गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ङ) विद्यालयको विकासको लागि आवश्यक योजना तर्जुमा गरी लागू गर्ने,

(च) नियम २५ को खण्ड (च), (छ) र (ज) बाहेकका अन्य काम, कर्तव्य र अधिकारको पालन तथा प्रयोग गर्ने गराउने ।

२२घ. समुदायद्वारा सञ्चालित विद्यालय जिम्मा लिने स्थानीय निकाय वा संस्थाको काम, कर्तव्य र अधिकार: समुदायद्वारा सञ्चालित विद्यालयको व्यवस्थापन जिम्मा लिने स्थानीय निकाय वा संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विद्यालयका भौतिक पूर्वाधार विकास तथा सञ्चालन गर्न व्यवस्थापन समितिलाई आर्थिक सहायता उपलब्ध गराउने,

(ख) समय समयमा विद्यालयको निरीक्षण तथा अनुगमन गर्ने र त्यसरी निरीक्षण तथा अनुगमन गर्दा कुनै कमी कमजोरी देखिएमा सोको निराकरणको लागि व्यवस्थापन समितिलाई आवश्यक निर्देशन वा सुझाव दिने,

(ग) व्यवस्थापन समितिको सिफारिसमा आवश्यकता अनुसार सामुदायिक शिक्षक वाहेकका अन्य शिक्षक तथा कर्मचारीको दरवन्दी स्वीकृति गर्ने,

(घ) आफूले जिम्मा लिएको विद्यालयहरुमा प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र अन्य तहमा विद्यार्थी संख्या र विषयका आधारमा शिक्षकको दरवन्दी मिलान गर्ने,

(ङ) आवधिक शैक्षिक कार्यक्रम तयार गरी लागू गर्ने,

(च) विद्यालयको सुधार गर्न आवश्यकता अनुसार विशेषज्ञ नियुक्ति गर्ने ।

(छ) विद्यालय सञ्चालन सम्बन्धमा मन्त्रालय, विभाग, निर्देशनालय वा जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन वा सुझाव पालन गर्ने, गराउने,

२२ङ. सामुदायिक शिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था: (१) समुदायद्वारा सञ्चालित विद्यालयमा कुनै सामुदायिक शिक्षकको पद रिक्त हुन आएमा व्यवस्थापन समितिले त्यस्तो पद खुला प्रतियोगिताबाट पूर्ति गर्नको लागि रिक्त पद संख्या, आवश्यक न्यूनतम योग्यता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, परीक्षा हुने मिति र स्थान समेतको विवरण खुलाई कम्तिमा तीस दिनको म्याद दिई विज्ञापन गर्नु पर्नेछ र त्यसरी विज्ञापन भएको कुरा सबैले थाहा पाउने गरी सम्बन्धित विद्यालय, स्थानीय निकाय र जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ । जिल्ला शिक्षा कार्यालयले कुनै पत्रिका वा बुलेटिन प्रकाशन गरेको भए व्यवस्थापन समितिले त्यस्तो पत्रिका वा बुलेटिनमा समेत सो विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको द्वितीय र प्रथम श्रेणीको पद रिक्त भए पनि तृतीय श्रेणीको पद मानी पूर्ति गरिनेछ ।

(३) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुन पाउने छन् :-

(क) ऐन तथा शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम शिक्षक पदमा नियुक्त हुन योग्यता पुगेको व्यक्ति,

(ख) अन्य सामुदायिक विद्यालयका स्थायी शिक्षक ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापन अनुसार उम्मेदवार छनौट गर्न देहाय बमोजिमको परीक्षा लिइनेछ :-

| | | |
|---|---|---|
| (क) | लिखित परीक्षा | १०० अङ्क |
| (ख) | प्रयोगात्मक परीक्षा | २५ अङ्क |
| (ग) | अन्तर्वार्ता | २५ अङ्क |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयको प्रकृति हेरी आवश्यक ठानेमा मात्र शिक्षक छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ ।

(६) लिखित परीक्षाको पाठ्यक्रम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) लिखित परीक्षा र प्रयोगात्मक परीक्षाको उतीर्णाङ्क क्रमशः पैंतीस र दश अङ्क हुनेछ ।

(८) उम्मेदवारको लिखित परीक्षा र प्रयोगात्मक परीक्षा लिएको भए सो समेतमा उतीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई अन्तर्वार्ताको निमित्त छनौट गरिनेछ ।

(९) अन्तर्वाताको कूल २५ अङ्क मध्ये अनुभव वापत प्रत्येक वर्षको एक अंकका दरले बढीमा दश अङ्क, शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन, द्वितीय श्रेणी भए दुई र तृतीय श्रेणी भए एक अङ्कका दरले बढीमा तीन अङ्क र अन्तर्वार्ता वापत बढीमा बाह्र अङ्क दिइनेछ ।

(१०) शिक्षक छनौट समितिले लिखित परीक्षा र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएका उम्मेदवारको अन्तर्वार्तामा प्राप्त गरेको अङ्क जोडी सबै परीक्षाको कूल अंकमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गरी नियम २२ङ.को उपनियम (१) बमोजिमको स्थानमा सूचना प्रकाशन गर्न पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पदसंख्याको दश प्रतिशतले हुने संख्यामा वा कम्तिमा एकजना मध्ये जुन बढी हुन्छ सो संख्याको उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नु पर्नेछ ।

(११) उपनियम (१०) बमोजिम नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्तिको सूचना प्रकाशित भएको वा सूचना पाएको मितिले तीस दिनभित्र नियुक्ति पत्र लिनु पर्नेछ । सो म्याद भित्र नियुक्ति पत्र नलिएमा वा नियुक्ति पत्र लिएको तीस दिनभित्र विद्यालयमा हाजिर नभएमा वा त्यस्तो उम्मेदवारको मृत्यु भई वा अन्य कुनै कारणले एक वर्षभित्र सो पद रिक्त भएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमानुसार नियुक्ति गर्न सक्नेछ ।

(१२) उपनियम (११) बमोजिम उम्मेदवारलाई सामुदायिक शिक्षक पदमा नियुक्ति गर्दा व्यवस्थापन समितिले एक वर्षसम्म परीक्षण कालमा रहने गरी नियुक्ति दिनेछ ।

तर महिला शिक्षिकाको हकमा छ महिना मात्र परीक्षणकाल हुनेछ ।

(१३) उपनियम (१२) बमोजिम परीक्षणकालमा रहेको कुनै शिक्षकको कार्य सन्तोषजनक नपाएमा व्यवस्थापन समितिले त्यस्तो शिक्षकलाई पदबाट हटाउनेछ ।

(१४) उपनियम (१०) बमोजिम सिफारिस भएको उम्मेदवार सामुदायिक विद्यालयको स्थायी शिक्षक भएमा निजले अघि गरेको स्थायी सेवा अवधि समेत जोडिनेछ ।

२२च. <u>शिक्षक छनौट समितिः</u> (१) सामुदायिक शिक्षकको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) व्यवस्थापन समितिले तोकेको सो समितिको अध्यक्ष वा सदस्य -संयोजक

(ख) सम्बन्धित विद्यालय हेर्ने विद्यालय निरीक्षक वा जिल्ला शिक्षा अधिकारीले तोकेको स्रोत व्यक्ति -सदस्य

(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकको नियुक्ति वा प्रधानाध्यापक भई काम गरेको शिक्षकको बढुवाको सिफारिस गर्नु पर्ने भएमा व्यवस्थापन समितिले तोकेको सम्बन्धित विद्यालयको वरिष्ठ शिक्षकले शिक्षक छनौट समितिको सदस्य-सचिव भई काम गर्नेछ ।

(३) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(४) शिक्षक छनौट समितिले आफ्नो बैठक लगायतका अन्य कार्यविधि आफै निर्धारण गर्नेछ ।

२२छ. <u>बढुवा सम्बन्धी व्यवस्था:</u> (१) समुदायद्वारा सञ्चालित विद्यालयको प्रत्येक तहमा शिक्षक बढुवा गर्ने प्रयोजनको लागि देहायको अनुपातमा बढुवा हुने श्रेणी कायम गरिनेछ :-

| जम्मा पद संख्या | तृतीय श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी |
|---|---|---|---|
| ४ | ३ | १ | - |
| ५ | ४ | १ | - |
| ६ | ५ | १ | - |
| ७ | ५ | २ | - |
| ८ | ६ | २ | - |
| ९ | ६ | ३ | - |
| १० | ६ | ३ | १ |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला विकास समितिले जिल्ला भित्रका सबै विद्यालयको व्यवस्थापन जिम्मा लिएकोमा नियम ८९. बमोजिम र गाउँ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र एक भन्दा बढी विद्यालयको व्यवस्थापन जिम्मा लिएकोमा त्यस्ता विद्यालयहरुमा रहेको कूल दरवन्दीको आधारमा बढुवा हुने पदको श्रेणी कायम गर्न सक्नेछ ।

(३) व्यवस्थापन समितिले शिक्षकको बढुवा सम्बन्धी कारवाही अघि बढाउनु पूर्व जिल्ला शिक्षा अधिकारीवाट बढुवा हुने पदको श्रेणी सहितको संख्या निर्धारण गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्धारण गरिएको श्रेणीमा श्री ५ को सरकारवाट स्वीकृत दरवन्दीमा नियुक्त भएका देहायका योग्यता पुगेको शिक्षक बढुवाको लागि उम्मेदवार हुन सक्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बढुवा हुने श्रेणीभन्दा एक श्रेणी मुनिको पदमा अविच्छिन्न रुपमा सात वर्षसम्म स्थायी सेवा गरेको,

(ख) जुन तह वा श्रेणीमा बढुवा हुने हो सो तह वा श्रेणीको लागि मन्त्रालयले तोके बमोजिमको तालीम प्राप्त गरेको,

(ग) जुन तह वा श्रेणीमा बढुवा हुने हो सो तह वा श्रेणीको लागि आयोगबाट अध्यापन अनुमति पत्र प्राप्त गरेको,

(घ) विगत पाँच वर्षको अवधिमा कुनै किसिमको विभागीय सजाय नपाएको ।

(५) उपनियम (४) बमोजिम योग्यता पुगेको शिक्षकले बढुवा हुनको लागि आवश्यक कागजात संलग्न गरी व्यवस्थापन समिति समक्ष निवेदन दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम निवेदन प्राप्त भएमा व्यवस्थापन समितिले त्यस्तो निवेदन सहितका कागजात शिक्षक छनौट समिति समक्ष पठाउने छ ।

(७) शिक्षक छनौट समितिले शिक्षकलाई बढुवाको निमित्त सिफारिस गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ । त्यसरी कार्य क्षमताको मूल्यांकन गर्दा देहाय बमोजिम बढीमा ६० अङ्क दिइनेछः-

(क) कार्य सम्पादन मूल्यांकन वापत ५० अङ्क

(ख) अन्तर्वार्ता वापत १० अङ्क

(८) कार्य सम्पादन मूल्यांकन वापत पछिल्लो पाँच वर्षको लागि प्रति वर्ष १० अङ्कको दरले बढीमा ५० अङ्क दिइनेछ ।

(९) शिक्षक छनौट समितिले कार्य सम्पादन मूल्यांकन वापत कम्तिमा ४५ अङ्क र अन्तर्वार्ता वापत कम्तिमा ६ अङ्क सहित कम्तिमा ५१ अङ्क प्राप्त गर्ने शिक्षकलाई बढुवाको लागि सिफारिस गर्नेछ ।

(१०) कार्य सम्पादन मूल्यांकन फारामको ढाँचा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(११) शिक्षकको सुपरीवेक्षक प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्ष पुनरावलोकनकर्ता हुनेछ र प्रधानाध्यापकको सुपरीवेक्षक व्यवस्थापन समितिले तोकेको सो समितिको सदस्य र व्यवस्थापन समितिको अध्यक्ष पुनरावलोकनकर्ता हुनेछ ।

तर कुनै विद्यालयमा शिक्षक र प्रधानाध्यापक एउटै श्रेणीको भएमा त्यस्तो शिक्षकको सुपरीवेक्षक व्यवस्थापन समितिको सदस्य र व्यवस्थापन समितिको अध्यक्ष पुनरावलोकनकर्ता हुनेछ ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको व्यवस्थापन जिम्मा लिनु अघि कार्यरत स्थायी शिक्षकले चाहेमा आयोगद्वारा हुने बढुवामा समेत भाग लिन पाउनेछ ।

तर एकपटक यस नियम बमोजिम बढुवा भएको शिक्षकले पुनः आयोगद्वारा हुने बढुवामा उम्मेदवार हुन पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२ज. सामुदायिक शिक्षकको नियुक्ति वा बढुवा वदर गर्न सक्ने: (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक शिक्षकको नियुक्ति तथा बढुवा गर्दा देहायको त्रुटी भएको कुरा कुनै उजूरी परी जाँचवुझ गर्दा वा कुनै व्यहोरावाट थाहा हुन आएमा सम्वन्धित जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति वा बढुवा वदर गरी पुनः शिक्षकको नियुक्ति वा बढुवा सम्वन्धी कारवाही गर्न सम्वन्धित व्यवस्थापन समितिमा लेखी पठाउन सक्नेछ:-

(क) यस परिच्छेदको प्रक्रिया नपुऱ्याई सामुदायिक शिक्षक नियुक्ति वा बढुवा गरेमा,

(ख) रिक्त नभएको पदमा सामुदायिक शिक्षक नियुक्ति वा बढुवा गरेमा,

(ग) योग्यता र विषय नमिल्ने गरी सामुदायिक शिक्षक नियुक्ति गरेमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला शिक्षा अधिकारीले शिक्षक नियुक्त वा बढुवा भएको छ महिना पछि त्यस्तो नियुक्ति वा बढुवा वदर गर्न सक्ने छैन ।

२२झ. सामुदायिक शिक्षकको तलब, सुविधा र सेवा शर्त: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक शिक्षकले व्यवस्थापन समितिले तोके वमोजिम तलव, भत्ता र वार्षिक तलब वृद्धि पाउनेछ ।

(२) उपनियम (१) वमोजिम सामुदायिक शिक्षकले पाउने तलब, भत्ता र वार्षिक तलब वृद्धि सम्बन्धमा श्री ५ को सरकारले व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (१) मा लेखिएदेखि बाहेक सामुदायक शिक्षकको सुविधा र सेवा शर्त सम्बन्धी अन्य व्यवस्था यस नियमावलीका अन्य नियमको अधीनमा रही सामुदायिक विद्यालयका अन्य शिक्षक सरह हुनेछ ।

२२ञ. विद्यालय सञ्चालन कार्यविधि बनाई लागू गर्नु पर्ने: (१) स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले आफूले व्यवस्थापन जिम्मा लिएको विद्यालय सुव्यवस्थित रुपमा सञ्चालन गर्न, त्यस्तो विद्यालयमा सामुदायिक शिक्षक बाहेकका अन्य शिक्षक तथा कर्मचारी नियुक्ति वा बढुवा गर्न, त्यसरी नियुक्त वा बढुवा गरिएको शिक्षक तथा कर्मचारीलाई सेवा सुविधा उपलब्ध गराउन र त्यस्ता शिक्षक र कर्मचारीलाई विभागीय सजाय गर्ने सम्बन्धमा विद्यालय सञ्चालन कार्यविधि बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जिल्ला विकास समितिले बनाएको विद्यालय सञ्चालन कार्यविधि निर्देशनालयबाट र सो बाहेकका अन्य स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थाले बनाएको विद्यालय सञ्चालन कार्यविधि जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।"

१०. मूल नियमावलीको नियम २५ मा संशोधन: मूल नियमावलीको नियम २५ को उपनियम (१) को खण्ड (ढ) पछि देहायको खण्ड (ढ१) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ढ१) निर्देशनालयबाट प्राप्त सूचीमा उल्लेख भएका लेखा परीक्षकहरु मध्येबाट लेखा परीक्षकको नियुक्ति गर्न जिल्ला शिक्षा अधिकारी समक्ष तीन जनाको नाम सिफारिस गरी पठाउने ।"

११. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ को उपनियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा शिक्षक अस्थायी नियुक्त भएको छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने"

१२. मूल नियमावलीको नियम २८ मा संशोधनः मूल नियमावलीको नियम २८ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) समुदायद्वारा सञ्चालित विद्यालयले नियम २२क. को उपनियम (५) बमोजिम गरेको सम्झौता बमोजिम काम नगरेमा,"

१३. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को उपनियम (१) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र -सदस्य"

१४. मूल नियमावलीको नियम ३३ मा संशोधनः मूल नियमावलीको नियम ३३को,-

(१) खण्ड (छ) मा रहेका "निर्देशकको अध्यक्षतामा" भन्ने शब्दहरु पछि "र प्रत्येक जिल्लामा जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ज१) पछि देहायका खण्ड (ज२), (ज३) र (ज४) थपिएकाछन्:-

"(ज२) राष्ट्रिय शिक्षा नीतिको अधीनमा रही कुनै खास प्रकृतिका संस्थाले सञ्चालन गरेको विद्यालयमा श्री ५ को सरकारबाट स्वीकृत पाठ्यक्रमको कूल पाठ्यभारमा फरक नपर्ने गरी थप विषय अध्यापन गर्न स्वीकृतिको लागि श्री ५ को सरकार समक्ष सिफारिस गर्ने,

(ज३) वहु पाठ्यपुस्तक स्वीकृति सम्बन्धमा नीति तर्जुमा गरी श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ज४) आवश्यकता अनुसार आफ्नो काम, कर्तव्य र अधिकार पाठ्यक्रम विकास केन्द्रलाई प्रत्यायोजन गर्ने,"

१५. मूल नियमावलीको नियम ४७ मा संशोधनः मूल नियमावलीको नियम ४७ को सट्टा देहायको नियम ४७ राखिएको छः-

"४७. अशक्त विद्यार्थीको लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिनेः (१) अन्धा, वहिरा, लाटा, अपाङ्ग वा सुस्त मनस्थिति भएका विद्यार्थीका लागि निजले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्यवस्था गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमका विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले बढीमा एक घण्टा तीस मिनेटसम्म थप समय उपलब्ध गराउन सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. मूल नियमावलीको नियम ४८ मा संशोधन: मूल नियमावलीको नियम ४८ को उपनियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:-

"(घ) वैकल्पिक शैक्षिक कार्यक्रम"

१७. मूल नियमावलीको नियम ५२ मा संशोधन मूल नियमावलीको नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छ:-

"५२. वैकल्पिक शैक्षिक कार्यक्रम: (१) विद्यालयमा अध्ययन नगरेका वा अध्ययन गर्दा बीचैमा छोडेका बालवालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधारमा तयार गरिएको पाठ्यसामग्री प्रयोग गरी वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) वैकल्पिक शैक्षिक कार्यक्रम पूरा गरेका बालवालिकालाई विद्यालयले स्तर हेरी उपयुक्त कक्षामा भर्ना लिन सक्नेछ ।

(३) वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिनु पर्नेछ ।"

१८. मूल नियमावलीको नियम ५६ मा संशोधन: मूल नियमावलीको नियम ५६ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:-

"(क१) विद्यालय शिक्षा सम्बन्धमा"

१९. मूल नियमावलीको नियम ५७ मा संशोधन: मूल नियमावलीको नियम ५७ को,-

(१) उपनियम (१) को खण्ड (ग) र (झ) को सट्टा देहायका खण्ड (ग) र (झ) राखिएका छन् :-

"(ग) कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र - सदस्य

(झ) निर्देशक, दूर शिक्षा महाशाखा -सदस्य-सचिव"

(२) उपनियम (३) मा रहेका "दूर शिक्षा केन्द्रमा" भन्ने शब्दहरुको सट्टा "शैक्षिक जनशक्ति विकास केन्द्रमा" भन्ने शब्दहरु राखिएका छन् ।

२०. मूल नियमावलीको नियम ५९ मा संशोधन: मूल नियमावलीको नियम ५९ को,-

(१) उपनियम (१) मा रहेका "दूर शिक्षा केन्द्र समक्ष" भन्ने शब्दहरुको सट्टा "शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत दूर शिक्षा समिति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) कुनै विद्यालयले दूर शिक्षा सञ्चालन गर्न चाहेमा दूर शिक्षा समितिबाट स्वीकृति लिनु पर्नेछ ।"

२१. मूल नियमावलीको नियम ६७ मा संशोधन: मूल नियमावलीको नियम ६७ को,-

(१) उपनियम (१) मा रहेका "नगरपालिका समक्ष" भन्ने शब्दहरु पछि "अनुसूची-२ बमोजिमको ढाँचामा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) मा रहेका "आवश्यक शर्त तोकी" भन्ने शब्दहरु पछि "अनुसूची-५ बमोजिमको ढाँचामा" भन्ने शब्दहरु थपिएका छन् ।

२२. मूल नियमावलीको नियम ७२ मा संशोधन: मूल नियमावलीको नियम ७२ को उपनियम (१) को खण्ड (ञ) झिकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. मूल नियमावलीको नियम ७७ मा संशोधन: मूल नियमावलीको नियम ७७ को,

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) संस्थागत विद्यालयको प्रत्येक कक्षामा न्यूनतम बाइस, अधिकतम चौवालीस र औसत तेत्तीस विद्यार्थी संख्या हुनु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

(२क) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

२४. मूल नियमावलीको नियम ९१ मा संशोधन: मूल नियमावलीको नियम ९१ को सट्टा देहायको नियम ९१ राखिएको छ:-

"९१. महिला शिक्षिकाको पद रहने: (१) प्राथमिक विद्यालयमा तीन जनासम्म शिक्षक दरबन्दी भए कम्तिमा एक जना, सात जनासम्म शिक्षक दरबन्दी भए कम्तिमा दुईजना र सोभन्दा बढी शिक्षक दरबन्दी भए कम्तिमा तीन जना महिला शिक्षिकाको पद रहनेछ ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत पुरुष शिक्षक कार्यरत रहेको प्राथमिक विद्यालयमा कुनै कारणबाट शिक्षक पद रिक्त हुन आएमा उपनियम (१) को अधीनमा रही महिला शिक्षिका नियुक्ति गरिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उम्मेदवारद्वारा शिक्षक पदपूर्ति हुन नसक्ने भएमा सम्बन्धित अधिकारीले निर्देशकको सहमति लिई पुरुषलाई नियुक्ति गर्न सक्नेछ ।

(४) उपनियम (२) विपरीत कसैले शिक्षक नियुक्ति गरेमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो नियुक्ति बदर गरी त्यसरी नियुक्त गर्ने निकाय वा अधिकारीलाई यस नियमावली बमोजिम कारबाही गर्न सक्नेछ ।"

२५. मूल नियमावलीको नियम ९२ मा संशोधन:मूल नियमावलीको नियम ९२ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

२६. मूल नियमावलीको नियम ९३ मा संशोधन: मूल नियमावलीको नियम ९३ को,-

(१) उपनियम (४) पछि देहायको उपनियम (४क), (४ख), (४ग), (४घ), (४ङ) र (४च) थपिएका छन्:-

"(४क) उपनियम (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्वारा सञ्चालित विद्यालयको दरबन्दी सहितको प्रधानाध्यापक पद रिक्त हुन आएमा सो पद पूर्ति गर्न व्यवस्थापन समितिले नियम २२ङ. बमोजिम विज्ञापन गर्नु पर्नेछ ।

(४ख) उपनियम (४क) बमोजिम प्रकाशित विज्ञापनमा जिल्ला भित्रका सामुदायिक विद्यालयका सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकले अनुसूची-१३क. बमोजिम विद्यालय विकास सम्बन्धी प्रस्ताव सहित दरखास्त दिन सक्नेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४ग) उपनियम (४ख) बमोजिम दरखास्त प्राप्त भएमा शिक्षक छनौट समितिले आवश्यकता अनुसार उपनियम (२) बमोजिमको पेश गरेको विद्यालय विकास सम्बन्धी प्रस्ताव मूल्यांकनको लागि विशेषज्ञ समूह गठन गरी सो समूहको राय समेतको आधारमा अनुसूची-१३ बमोजिम कम्तिमा ७० अङ्क ल्याउने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न सिफारिस गर्नेछ।

(४घ) उपनियम (४ग) बमोजिम कुनै पनि उम्मेदवारले ७० अङ्क प्राप्त गर्न नसकेमा शिक्षक छनौट समितिले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न सिफारिस गर्नेछ।

(४ङ) उपनियम (४क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त नभई प्रधानाध्यापक पदमात्र रिक्त भएमा शिक्षक छनौट समितिले सो विद्यालयमा सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट यस नियम बमोजिम प्रतियोगिता गराई प्रधानाध्यापक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ।

(४च) उपनियम (४ग) (४घ) वा (४ङ) बमोजिम सिफारिस भएको उम्मेदवारलाई व्यवस्थापन समितिले प्रधानाध्यापकमा नियुक्ति गर्नेछ।"

(२) उपनियम (५) पछि देहायका उपनियम (५क) र (५ख) थपिएका छन् :-

"(५क) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्वारा सञ्चालित विद्यालयको प्रधानाध्यापकको कार्य सन्तोषजनक नभएमा वा निजको आचरण खराब भएमा वा निजले प्रधानाध्यापकको रुपमा नियुक्ति हुँदा पेश गरेको विद्यालय विकास सम्बन्धी प्रस्ताव बमोजिम काम नगरेमा व्यवस्थापन समितिले निजलाई सोको सफाई पेश गर्ने मौका दिनेछ।

(५ख) उपनियम (५क) बमोजिम सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रधानाध्यापकलाई प्रधानाध्यापकको पदबाट जहिले सुकै हटाउन सकिनेछ।

तर प्रधानाध्यापकको रुपमा नियुक्ति हुँदा पेश गरेको विद्यालय विकास सम्बन्धी प्रस्ताव बमोजिम काम नगरेको कारण सो पदबाट हट्न गएको प्रधानाध्यापक शिक्षक पदमा कायमै रहनेछ।"

२७. <u>मूल नियमावलीको नियम १११ मा संशोधन:</u> मूल नियमावलीको नियम १११ को,-

(१) उपनियम (४) मा रहेका "यसरी काजमा रहने शिक्षकले तलब भत्ता पाउने छैन।" भन्ने वाक्यांश झिकिएको छ।

(२) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी बढी भएमा विभागले त्यस्तो दरबन्दीलाई सोही जिल्लाको जिल्ला शिक्षा समितिको पूल दरबन्दीमा राखी विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम रहेको जुनसुकै विद्यालयमा काजमा खटाउन सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. मूल नियमावलीको नियम ११४क. मा संशोधन: मूल नियमावलीको नियम ११४क.को उपनियम (१) मा रहेका "नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरु को सट्टा "नियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

२९. मूल नियमावलीको नियम १२७क. मा संशोधन: मूल नियमावलीको नियम १२७क. को उपनियम (१) को खण्ड (घ) मा रहेका "विद्यालय प्रशासन शाखा" भन्ने शब्दहरुको सट्टा "विद्यालय शिक्षा शाखा" भन्ने शब्दहरु राखिएका छन् ।

३०. मूल नियमावलीको नियम १४३ मा संशोधन: मूल नियमावलीको नियम १४३ को,-

(१) उपनियम (१) पछि देहायका उपनियम (१क) थपिएकोछ :-

"(१क) उपनियम (१) को खण्ड (ख), (ग) वा (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्वारा सञ्चालित विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई सो खण्ड बमोजिमको सजाय गर्ने अधिकारी व्यवस्थापन समिति हुनेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएकोछ :-

"(३) उपनियम (१क) बमोजिम प्रधानाध्यापक वा व्यवस्थापन समितिले गरेको सजायको जानकारी जिल्ला शिक्षा अधिकारी र शिक्षक किताबखानालाई दिनु पर्नेछ ।"

३१. मूल नियमावलीको नियम १४५ मा संशोधन: मूल नियमावलीको नियम १४५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम विद्यालयको वर्गीकरण नियम १४५क. बमोजिमको समितिले गर्नेछ।

(२) उपनियम (४) मा रहेका "उपनियम (२) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "नियम १४५क. बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (५) मा रहेका "उपनियम (२) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "नियम १४५क.बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

३२. मूल नियमावलीमा नियम १४५क. थप: मूल नियमावलीको १४५ पछि देहायको नियम १४५क. थपिएको छ:-

"१४५क.विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति: (१) विद्यालयको वर्गीकरण गर्न, विद्यालयले लिन पाउने शुल्कका सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिन र विद्यालयले निर्धारित शुल्क लागू गरे नगरेको सम्बन्धमा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति रहनेछ:-

(क) सामुदायिक विद्यालयको हकमा,-

| | | |
|---|---|---|
| (१) | जिल्ला शिक्षा अधिकारी | -संयोजक |
| (२) | जिल्ला विकास समितिको सदस्य वा सो समितिबाट मनोनीत स्थानीय बुद्धिजिवी एकजना | -सदस्य |
| (३) | शिक्षक युनियनबाट मनोनीत शिक्षक एकजना | -सदस्य |
| (४) | सामुदायिक विद्यालयका अध्यक्षहरु मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनीत गरेको एकजना | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) जिल्ला शिक्षा अधिकारीले तोकेको विद्यालय निरीक्षक -सदस्य-सचिव

(ख) संस्थागत विद्यालयको हकमा,-

(१) जिल्ला शिक्षा अधिकारी -संयोजक

(२) अभिभावक संघको अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकहरु मध्येवाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुईजना -सदस्य

(३) जिल्ला विकास समितिको प्रतिनिधि एकजना -सदस्य

(४) निजी तथा आवासिय विद्यालय संगठनको प्रतिनिधि एकजना -सदस्य

(५) राष्ट्रिय निजी तथा आवासिय विद्यालय संगठनको प्रतिनिधि एकजना -सदस्य

(६) जिल्ला शिक्षा समितिबाट मनोनीत शिक्षाविद् एकजना -सदस्य

(७) जिल्ला शिक्षा कार्यालयको संस्थागत विद्यालय हेर्ने अधिकृत -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धी आफनो वैठकमा आवश्यकता अनुसार महिला, दलित र जनजाती सम्बन्धी संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

३३. मूल नियमावलीको नियम १४६ मा संशोधन: मूल नियमावलीको नियम १४६ को सट्टा देहायको नियम १४६ राखिएको छ :-

"१४६. विद्यालयले लिन पाउने शुल्क तथा धरौटी: (१) नियम १४७ को अधीनमा रही विद्यालयले विद्यार्थीसँग देहाय बमोजिम शुल्क र धरौटी लिन पाउनेछ :-

(क) मासिक पढाई शुल्क,

(ख) कूल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकूद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार वापतको वार्षिक शुल्क,

(ग) विविध शुल्कहरु-

(१) परीक्षा शुल्क,

(२) कम्प्यूटर शुल्क,

(३) स्थानान्तरण प्रमाणपत्र शुल्क,

(४) विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस, पौडी, गायन, नृत्य) शुल्क,

(५) आवास शुल्क,



209

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) परिवहन शुल्क,

(७) भोजन शुल्क ।

(२) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी र सामुदायिक विद्यालयकै निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययन गर्ने नियम १५२ बमोजिमका विद्यार्थीसँग त्यस्तो शुल्क लिन पाइने छैन ।

(३) संस्थागत विद्यालयले एक महिनाको पढाइ शुल्क बराबर धरौटी रकम लिन पाउनेछ र त्यस्तो रकम विद्यार्थीले विद्यालय छाडेमा तुरुन्तै फिर्ता गर्नु पर्नेछ ।

(४) विद्यालयले एक शैक्षिक सत्रमा बाह्र महिनाभन्दा बढी कुनै शुल्क उठाउन पाउने छैन ।

(५) विद्यालयले उपनियम (१) बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसँग सो सुविधा उपभोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।"

३४. मूल नियमावलीको नियम १४७ मा संशोधन: मूल नियमावलीको नियम १४७ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) विद्यालयले शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसँग लिने शुल्कको प्रस्तावित दर अनुसूची-२२ को आधारमा प्रस्तावित गरी नियम १४५क. बमोजिमको समिति मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।"

(२) उपनियम (५) झिकिएको छ ।

३५. मूल नियमावलीमा नियम १५०क. थप: मूल नियमावलीको नियम १५० पछि देहायको नियम १५०क. थपिएको छ:-

"१५०क.शुल्क व्यवस्थापन तथा अनुगमन केन्द्रीय समिति: (१) संस्थागत विद्यालयको शुल्क तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा नीति निर्माण गर्न, यस्ता विद्यालयको शैक्षिक स्तरमा सुधार गर्न तथा निर्धारित शुल्कको अनुगमन गरी मन्त्रालयलाई राय सुझाव दिने काम समेतको लागि देहाय बमोजिमको एक शुल्क व्यवस्थापन तथा अनुगमन केन्द्रीय समिति रहनेछ :-

(क) महानिर्देशक -संयोजक

(ख) विभागको संस्थागत विद्यालय हेर्ने निर्देशक -सदस्य

(ग) विभागको योजना तथा अनुगमन महाशाखा हेर्ने निर्देशक - सदस्य

(घ) निर्देशकहरु मध्येबाट विभागले मनोनीत गरेको एकजना -सदस्य

(ङ) मन्त्रालयको विद्यालय शिक्षा शाखाको उपसचिव -सदस्य

(च) मन्त्रालयको ऐन नियम परामर्श शाखाका उपसचिव -सदस्य

(छ) अभिभावक संघ नेपालको अध्यक्ष वा प्रतिनिधि एकजना -सदस्य

(ज) राष्ट्रिय अभिभावक संघको अध्यक्ष वा प्रतिनिधि एकजना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) निजी तथा आवासिय विद्यालय संगठनको अध्यक्ष वा प्रतिनिधि एकजना -सदस्य

(ञ) राष्ट्रिय निजी तथा आवासिय विद्यालय संगठनको अध्यक्ष वा प्रतिनिधि एकजना -सदस्य

(ट) गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट विभागद्वारा मनोनीत एकजना -सदस्य

(ठ) जिल्ला शिक्षा अधिकारीहरु मध्येबाट विभागद्वारा मनोनीत एकजना -सदस्य

(ड) विभागबाट मनोनीत शिक्षाविद् दुईजना -सदस्य

(ढ) महानिर्देशकले तोकेको विभागको उपनिर्देशक -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

३६. मूल नियमावलीको नियम १६९ मा संशोधन: मूल नियमावलीको नियम १६९ को उपनियम (२) मा रहेका "निजले तोकेको सदस्य " भन्ने शब्दहरुको सट्टा "सो समितिले तोकेको व्यवस्थापन समितिको सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

३७. मूल नियमावलीमा नियम १७१क. थप: मूल नियमावलीको नियम १७१ पछि देहायको नियम १७१क. थपिएको छ :-

"१७१क. विद्यालयको काम कारबाहीको सामाजिक परीक्षण गर्ने: सामुदायिक विद्यालयको काम कारबाही ऐन तथा यस नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछ :-

(क) शिक्षक-अभिभावक संघको अध्यक्ष -संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरुमध्ये एकजना महिला अभिभावक समेत पर्ने गरी शिक्षक-अभिभावक संघले तोकेको दुईजना -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(घ) शिक्षक-अभिभावक संघले तोकेको बुद्धिजिवी एकजना -सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक -सदस्य-सचिव"

३८. मूल नियमावलीको अनुसूचीमा संशोधन:मूल नियमावलीको,-

(१) अनुसूची - ३ को खण्ड (ठ) मा रहेका "प्रतिकक्षा" भन्ने शब्दहरु पछि "न्यूनतम बाईस, अधिकतम् चौवालीस र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) अनुसूची-११ को सट्टा यसैसाथ संलग्न अनुसूची-११ राखिएको छ ।

(३) अनुसूची-११ पछि यसैसाथ संलग्न अनुसूची-११क. थपिएको छ ।

(४) अनुसूची-१२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) प्राथमिक विद्यालयमा: पचास जनासम्म विद्यार्थी भएमा कम्तिमा दुई जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा तीन जना शिक्षक"

(५) अनुसूची-१३ को सट्टा यसैसाथ संलग्न अनुसूची-१३ राखिएको छ ।

(६) अनुसूची-१३ पछि यसैसाथ संलग्न अनुसूची-१३क. थपिएको छ ।

(७) अनुसूची-२१ को,-

(१) खण्ड क. को सट्टा देहायको खण्ड क. राखिएको छः-

"(क) सामुदायिक विद्यालय वर्गीकरणका आधारहरु:-

(१) भौतिक सुविधा

(२) शिक्षक दक्षता

(३) उत्तरदायित्व र पारदर्शिता

(४) विद्यालय संचालन प्रक्रिया

(५) शैक्षिक उपलब्धि

(६) अन्य उपलब्धि"

(२) खण्ड ख. को क्रमसंख्या ५ मा रहेका "नियम १४५ को उपनियम (२) बमोजिम जिल्ला शिक्षा अधिकारीद्वारा गठन हुने समितिले" भन्ने शब्दहरुको सट्टा "नियम १४५क. बमोजिमको समितिले" भन्ने शब्दहरु राखिएका छन् ।

३९. खारेजी: मूल नियमावलीको नियम १९०क. खारेज गरिएको छ ।

४०. रुपान्तरण: मूल नियमावलीको ठाउं ठाउंमा रहेका "शैक्षिक प्रशासन महाशाखा" भन्ने शब्दरुको सट्टा "उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा" भन्ने शब्दहरु राखि रुपान्तरण गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-११

(नियम ८ को उपनियम (२) संग सम्बन्धित)

विद्यालय स्वीकृति सम्बन्धमा

श्री ............................विद्यालय

.....................................।

त्यस विद्यालयले मिति ........................मा कम्पनी/सार्वजनिक/निजी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न दिएको निवेदन उपर कारवाही हुंदा कम्पनी/सार्वजनिक/निजी शैक्षिक गुठी अन्तर्गत त्यस विद्यालयलाई सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ।

कार्यालयको छाप

स्वीकृति प्रदान गर्ने अधिकारीको-

सही:

नाम:

पद:

मिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

"अनुसूची-११क.
(नियम २२क. को उपनियम (१) संग सम्बन्धित)

## सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिनको लागि दिइने निवेदन

श्री जिल्ला शिक्षा कार्यालय/ क्षेत्रीय शिक्षा निर्देशनालय

....................

विषय :- सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिने सम्बन्धमा ।

देहायको सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिई सञ्चालन गर्नको लागि निम्न विवरणहरु खुलाई निवेदन गरिएकोछ ।

१. सामुदायिक विद्यालयको नाम :
२. ठेगाना:
............गा.वि.स./न.पा............गाउँ/टोल............फोन............
३. विद्यालयको स्वीकृत तहः प्रा.वि. /नि.मा.वि./मा.वि.
४. विद्यालयको भौतिक अवस्था :
(क) कक्षा कोठा संख्या ............
(ख) फर्निचर संख्या ............
(ग) शौचालयको कोठा सख्या ............
(घ) विद्यालय भवन संख्या ............
(ङ) भवनको बनावटः कच्ची/अर्धपक्की/ पक्की
(च) अन्य कुरा
५. कक्षागत विवरण

| | कक्षा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| छात्र | | | | | | | | | | |
| छात्रा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. शिक्षक विवरण:

| क्र.सं. | शिक्षकको नाम | शिक्षण गर्ने तह | योग्यता | नियुक्तिको किसिम (स्थायी/अस्थायी/विद्यालयको आफ्नै स्रोतबाट) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. आर्थिक विवरण:

(क) चल अचल सम्पत्ति........

(ख) वार्षिक आम्दानी र त्यसको स्रोत ......

संलग्न कागजातहरु

१. सामुदायिक विद्यालय व्यवस्थापन सम्बन्धमा तयार गरिएको दुई वर्ष कार्य योजना।

२. शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम व्यवस्थापन समिति गठन भएको प्रमाणको प्रतिलिपि।

३. व्यवस्थापन समितिको निर्णय/सहमति

४. स्थानीय निकाय/संस्थाको निर्णय

कार्यालयको छाप

निवेदकको,-

सही:-

नाम:-

मिति:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
292

"अनुसूची १३
(नियम ९३ को उपनियम (२) सग सम्बन्धित)

प्रधानाध्यापक छनौटका आधारहरु

| क्र.सं. | छनौटका आधारहरु | अङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता वापत | १० |
| २. | शिक्षण अनुभव वापत | १५ |
| ३. | तालीम वापत | ५ |
| ४. | कार्यसम्पादन मूल्यांकन वापत | २५ |
| ५. | विद्यालय सुधार कार्य योजना | ३० |
| ६. | नेतृत्व लिने क्षमता वापत | १५ |
| | जम्मा | १०० |

द्रष्टव्यः

(१) शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क दिइनेछ ।

(२) शिक्षण अनुभव वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको प्रति वर्षको २ अङ्कका दरले बढीमा १० अंक र सो भन्दा तल्लो तहको लागि प्रति वर्ष १.५ का दरले बढीमा ५ अङ्क प्रदान गरिनेछ ।

(३) तालीम वापत अङ्क प्रदान गर्दा प्रथम श्रेणीको भए ५ अङ्क, द्वितीय श्रेणीको भए ३ अङ्क र तृतीय श्रेणीको भए २ अङ्क दिइनेछ । श्रेणी नखुलेको तालीमलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ । शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालीम वापत मात्र अङ्क पाउनेछ ।

(४) कार्य सम्पादन मूल्यांकन वापतको अङ्क प्रदान गर्दा पछिल्लो पाँच वर्षमा प्राप्त गरेको कार्य सम्पादन मूल्यांकनको अङ्कलाई औसतमा गणना गरिनेछ ।

(५) विद्यालय सुधार कार्य योजना वापत अंक प्रदान गर्दा अति उत्तम भए ३० अङ्क , उत्तम भए २० अङ्क र सामान्य भए १० अङ्क प्रदान गरिनेछ । शिक्षकले विद्यालय सुधार कार्य योजना वापत अंक प्राप्त गर्नको लागि त्यस्तो कार्य योजना तयार गरी पेश गर्नु पर्नेछ । व्यवस्थापन समितिले आवश्यकतानुसार विद्यालय सुधार कार्य योजना मूल्यांकन गर्न विशेषज्ञहरुको समूह गठन गरी मूल्यांकन गराउन सक्नेछ ।

(६) नेतृत्व लिने क्षमता वापत सम्बन्धित उम्मेदवारको काम कारवाहीको आधारमा १० अङ्क र बाँकी रहेको ५ अङ्क कुनै उम्मेदरवार सहायक प्रधानाध्यापक वा कक्षाको नेतृत्व गर्ने कक्षा शिक्षक, अपाङ्ग र अतिरिक्त क्रियाकलापमा संलग्न भई काम गरेको भए १ अंकको दरले बढीमा ५ अंक दिइनेछ ।

(७) व्यवस्थापन समितिले प्रधानाध्यापकको लागि शिक्षक सिफारिस गर्दा क्रमसंख्या (५) र (६) बमोजिम शिक्षकलाई दिइएको अङ्क समेत उल्लेख गरी पठाउनु पर्नेछ । यसरी प्रधानाध्यापकको नियुक्तिको लागि नाम पठाउन सिफारिस गर्ने सम्बन्धी व्यवस्थापन समितिको बैठकमा प्रधानाध्यापक वा सो काम गर्ने शिक्षकलाई समावेश गरिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

292

अनुसूची १३क.

(नियम ९३ को उपनियम (४ख) सँग सम्बन्धित)

प्रधानाध्यापकले तयार गर्ने विद्यालय विकास सम्बन्धी प्रस्ताव

१. विद्यालयको विद्यमान अवस्थाको विश्लेषण

(क) भौतिक व्यवस्थापन

(अ) विद्यालय भवन

(आ) फर्निचर

(इ) खानेपानी

(ई) विद्यालयको उपलब्ध जग्गा जमीन र अन्य सम्पत्तिको उपयोगको अवस्था आदि

(ख) विद्यालय वातावरण सरसफाई

(ग) शैक्षिक पक्ष

(अ) आफ्नो क्षेत्रका बालबालिकाको विद्यालयमा पहुँचको स्थिति

(आ) पठनपाठनको अवस्था

(इ) शैक्षिक उपलब्धिस्तर

(ई) शिक्षक व्यवस्थापनको स्थिति

(घ) विद्यालय समुदाय सम्बन्ध

(अ) व्यवस्थापन समिति

(आ) शिक्षक अभिभावक संघ

(इ) अभिभावक सम्मेलन

(ई) सामुदायिक सक्रियताको स्थिति

(ङ) श्रोत परिचालन

(अ) सरकारबाट प्राप्त स्रोत

(आ) स्थानीय निकायबाट प्राप्त स्रोत

(इ) समुदाय एवं अन्य निकायबाट प्राप्त श्रोत साधनको प्रयोग र उपयोग

(च) अतिरिक्त क्रियाकलाप

(अ) खेलकूद

(आ) सदन विभाजन

(इ) हाजिरी जवाफ, हिज्जे, कविता, नाटक, निबन्ध तथा अन्य प्रतियोगिता सञ्चालन

(ई) बाल क्लव, सामुदायिक क्रियाकलाप जस्तै सरसफाई अभियान, अभिभावक जागरण कार्यक्रम आदि ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. (क) विश्लेषणको आधारमा देखिएका समस्याहरुको समाधानको लागि प्राथमिकीकरण

(१)

(२)

(३)

(ख) विद्यालकयको अवस्था सुधार गर्नको लागि अवलम्वन गरिने मुख्य रणनीतिहरु:

(१)

(२)

(३)

(ग) विद्यालय सञ्चालन सम्वन्धी दुई वर्षे कार्य योजना

आज्ञाले,

चुमान सिंह वस्नेत

का.मु. सचिव

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य: रु. १०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

298